BUTWAL POWER
COMPANY LIMITED

# संक्षिप्त
# वार्षिक प्रतिवेदन २०६९



www.bpc.com.np

# बुटवल पावर कम्पनी लिमिटेडको २०औं वार्षिक साधारण सभा बस्ने सुचना

शेयरधनीज्यू,

मिति २०६९/८/०३ (तदनुसार १८ नोभेम्बर २०१२) मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको २०औं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका विषयहरू उपर छलफल गर्न बस्ने भएको हुंदा स्वंय वा प्रतिनिधि मार्फत साधारण सभामा उपस्थित हुन अनुरोध छ ।

## साधारण सभा हुने मिति, स्थान र समय :

**मिति :** २०६९ पौष २२ गते आइतबार (तद्नुसार जनवरी ६, २०१३) ।
**स्थान :** कम्पनीको केन्द्रीय कार्यालय बुद्धनगर, काठमाण्डौं ।
**समय :** बिहान ११.०० बजे ।

## छलफलका विषयहरु :

१. संचालक समितिको प्रतिवेदन प्रस्तुती र त्यसमाथि छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०६९ आषाढ मसान्तको वासलात, आ.व. २०६८।६९ को नाफानोक्सान हिसाब विवरण र नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।
३. लेखापरीक्षण समितिको सिफारिसमा आ.व. २०६९/०७० को लागि लेखापरीक्षकको नियूक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. सञ्चालक समितिले सिफारिस गरे वमोजिम चुक्ता पूंजीको २५% नगद लाभांश बितरण गर्न स्विकृत गर्ने ।
५. बिशेष प्रस्ताबः शेयर निश्कासन गर्दाका बखत कायम रहेको शेयरको आधारमा हकप्रद शेयर निश्कासन गर्ने ।
६. विविध ।

## साधारण सभा सम्बन्धी सामान्य जानकारी :

१. कम्पनीको शेयर दाखिल खारेज बन्द गर्ने प्रयोजनको निमित्त शेयरधनी दर्ता किताब मिति २०६९ पौष ८ गते आइतबार देखि २०६९ पौष २२ गते आइतबार सम्म बन्द रहने छ ।
२. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति हुने गरी प्रतिनिधिपत्र (प्रोक्सी) फाराम भरी कम्पनीको रजिष्ट्र्ड कार्यालय, वुद्वनगर, काठमाण्डौमा सभा शुरू हुनु भन्दा कम्तिमा ७२ घण्टा अगाडि अर्थात २०६९।९।१९ गते बिहीवार बिहान ११:०० बजे भित्र दर्ता गरी सक्नु पर्नेछ । शेयरवालाको नाम, शेयर संख्या र दस्तखत नमिलेको प्रतिनिधिपत्र रद्द हुनेछ ।

३. एकै शेयरधनीले एकभन्दा बढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा पहिला दिएको प्रोक्सी बदर गरेको भन्ने व्यहोरा उल्लेख भई पछिल्लो प्रोक्सी दर्ता हुन आएमा वाहेक पहिला दर्ता हुन आएको प्रोक्सीले मान्यता पाउने छ ।

४. प्रोक्सी मुकरर गरी पठाउने शेयरधनी स्वयं साधारण सभामा उपस्थित भएको व्यहोरा लिखित रूपमा जानकारी दिएमा प्रोक्सी स्वतः बदर हुनेछ ।

५. सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिर पुस्तिका बिहान १०:०० वजे देखि खुल्ला रहने छ । परिचय नं. (शेयरधनी नं.) को आधारमा हाजिरी जनाउने व्यवस्था गरिएको हुंदा शेयरधनी महानुभावले आफ्नो परिचय नं. तथा परिचय खुल्ने कुनै पनि कागजातहरू जस्तैः शेयर प्रमाणपत्र, नागरिकता, लाइसेन्स आदि अनिवार्य रूपमा प्रस्तुत गरिदिनु हुन अनुरोध छ ।

६. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।

७. छलफलका विषय सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनु पर्नेछ ।

८. अन्य जानकारीको लागि कम्पनीको रजिष्ट्र्ड कार्यालय, बुद्धनगर, काठमाण्डौ तथा श्री एनएमवि क्यापिटल लि., ववरमहल, काठमाडौंमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

**संचालक समितिको आज्ञाले**
कम्पनी सचिव

# संचालक समितिको प्रतिवेदन

## शेयरधनीज्यूहरु,

कम्पनीको वार्षिक प्रतिवेदन तथा मिति २०६९ साल आषाढ मसान्त सम्मको लेखापरीक्षण भएको हिसाव कितावको विवरणहरू प्रस्तुत गर्न पाउँदा यहाँहरूको संचालक समितिलाई खुसी लागेको छ ।

### वित्तिय सम्पादन

कम्पनीले आफ्नो कारोवारमा ५.४% ले बृद्धि गरी यस आ.व.मा रू. ६० करोड ५१ लाखको कारोवार गरेको छ ।

बोनस तथा कर अघिको नाफा गत वर्ष रू. ३७ करोड ७० लाख भएकोमा सोको तुलनामा यस वर्ष ४६.४% ले बृद्धि भई रू. ५५ करोड २१ लाख भयो । बोनस तथा कर पछिको नाफा गत वर्षको नाफा रकम रू. ३२ करोड ९० लाखवाट बढेर रू. ४८ करोड ३५ लाख भयो, जुन गत वर्षको तुलनामा ४६.९% ले बृद्धि हो । कम्पनीको वित्तिय परिणामको सारसंक्षेप निम्न अनुसार रहेको छ ।

### व्यवसाय संचालन

#### उत्पादन व्यवसाय

आ.व. २०६८।६९ मा बिद्युत गृह सरदर ६९.१३% क्षमतामा संचालनमा रही कुल १०३.५५ गिगावाट आवर बिद्युत उत्पादन भयो । जुन गत वर्षको भन्दा ०.०४% ले कमी हुन आउँछ । साथै, बढी बिद्युतको माग हुने समयमा विद्युतको मागलाई धान्न तथा बिद्युत गृह बन्द भएको समयमा वितरण क्षेत्रमा बिद्युत आपुर्तिलाई निरन्तरता गराई राख्न नेविप्रा.वाट ७.२ गिगावाट आवर बिद्युत खरिद गरिएको थियो । कुल उपलब्ध बिद्युत मध्ये ७६.८% बिद्युत नेविप्रा.लाई आपुर्ति गरिएको थियो । २०.७% बिद्युत बिपिसिको वितरण संजाल मार्फत

(अन्यथा उल्लेख गरेको बाहेक अंक रू. हजारमा)

| विवरण | २०६८/०६९ | २०६७/०६८ |
|---|---|---|
| थोक बिद्युत बिक्री बाट आम्दानी | ४३२,५११ | ४०८,५७५ |
| उपभोक्तालाई बिद्युत र सेवा बिक्री बाट आम्दानी | ९१,५०५ | ८४,४४० |
| व्यवस्थापन तथा प्राविधिक सेवावाट आम्दानी | ८१,१३३ | ८०,८७७ |
| जम्मा संचालन आम्दानी | ६०५,१४९ | ५७३,८९३ |
| जम्मा संचालन खर्च | २४६,१४७ | २३१,५७३ |
| कुल संचालन नाफा | ३५९,००१ | ३४२,३१९ |
| अन्य आय | ४२९,७२८ | १८९,३०१ |
| प्रशासनिक तथा अन्य खर्च | २३६,६०३ | १५४,५८२ |
| वाँडफाँड अघिको खुद मुनाफा | ४८३,५०३ | ३२८,९७० |
| प्रतिशेयर आम्दानी रू. | ४७.६२ | ३२.४० |
| नेटवर्थ रू. दश लाखमा | २,७१० | २,५०५ |

स्थानीय मागलाई पुरा गर्न तथा आन्तरिक खपतमा उपयोग गरिएको थियो ।

आँधिखोला बिद्युत गृहले ८५.८३% क्षमतामा संचालनमा रही ३८.३४ गिगावाट आवर बिद्युत उत्पादन गऱ्यो । जुन गत वर्षको बिद्युत उत्पादनको तुलनामा ३.९% (१.४५ गिगावाट आवर) ले बढी हुन्छ । स्थानीय वितरण संजालको थप विस्तार भएकोले तथा सुख्खायाममा नदीको बहाव अपेक्षा गरिए भन्दा कम हुन गएको कारणले गर्दा यस बर्ष पनि यस बिद्युत गृहले ने.वि.प्रा.लाई सम्झौता अनुसारको परिमाणमा बिद्युत आपुर्ति गर्न सकेन । अतिरिक्त आयात गरिएको ५ गिगावाट आवर बिद्युत समेत गरी जम्मा उपलब्ध बिद्युत मध्ये २३.६७ गिगावाट आवर बिद्युत ने.वि.प्रा.लाई आपुर्ति गरिएको थियो भने १८.५१ गिगावाट आवर बिद्युत स्थानिय वितरण संजालमा आपुर्ति गरिएको थियो ।

झिमरूक बिद्युत गृहले ६२.०३% क्षमतामा संचालनमा रही ६५.२० गिगावाट आवर बिद्युत उत्पादन गरेको छ  जुन गत वर्षको बिद्युत उत्पादनको तुलनामा २.१९% ले कमी हो । सुख्खायामको समय बढ्नु तथा अतिरिक्त उर्जा आपुर्तिको लागि प्राप्त हुने निर्देशनमा कमी आउनु बिद्युत उत्पादनमा कमी हुनुको मुख्य कारणहरू रहे । उत्पादित बिद्युतको साथ साथै आयात गरिएको २.२ गिगावाट आवर बिद्युत समेत गरी कुल उपलब्ध बिद्युत मध्ये झिमरूक बिद्युत गृहवाट कुल ६१.४ गिगावाट आवर बिद्युत ने.वि.प्रा.लाई आपुर्ति गरियो । जुन सम्झौता अनुसारको बिद्युत परिमाण भन्दा ६.४ गिगावाट आवर अतिरिक्त हुन्छ । साथै, ४.४ गिगावाट आवर बिद्युत स्थानीय वितरणमा आपुर्ति गरिएको छ ।

आँधिखोला बिद्युत गृहका पुराना उपकरणहरू तथा कमजोर ३३ के.भी. प्रशारण लाईन बिद्युतको उत्पादन तथा बिक्री बढाउनको लागि महत्वपूर्ण चुनौति रहेको छ । वर्षायाममा झिमरूक नदीको पानीमा ठुलो मात्रामा आउने माटो, बालुवा टर्वाइनका पार्टपुर्जाहरूमा गम्भिर क्षति हुनुका मुख्य कारण रहे । बिद्युत उत्पादन तथा बिश्वसनियता बढाउन र बिद्युत उत्पादन बन्द हुने समय कमी गर्नको लागि बिद्युत गृहहरू तथा ३३ के.भी.को प्रसारण लाईनको निरोधात्मक मर्मत संभारको कार्य यथासमयमै योजना अनुरूप गरिएको थियो ।

**वितरण व्यवसाय**

स्याङ्जा, पाल्पा, प्यूठान तथा अर्घाखाँची जिल्लाहरूमा फैलिएको स्थानीय वितरण संजाल विस्तारको कार्य निरन्तरता भयो र आ.व. २०६८।६९ मा नयाँ १६३० उपभोक्ताहरू थप भए । आ.व. २०६८।६९ को अन्त सम्ममा उपभोक्ताको संख्या ३९,५७८ पुगेको छ । बढ्दो माग सम्बोधन गर्नको लागि कुल २२.८८ गिगावाट आवर बिद्युत खरिद गरियो, जुन गत वर्षको तुलनामा १५% ले वृद्धि हो । खरिद गरिएको कुल बिद्युत मध्ये १९.०६ गिगावाट आवर खुद्रा ग्राहकहरूलाई बिक्री गरियो । बाँकी मध्येको ३.७४ गिगावाट आवर तथा ०.०७ गिगावाट आवर क्रमशः वितरण नोक्सानी तथा आन्तरिक खपत भए । यस वर्ष कुल बिद्युत बिक्री गत वर्षको तुलनामा १६% ले बढ्यो ।

खुद्रा ग्राहकलाई बिक्री गरिएको १९.०६ गिगावाट आवर बिद्युत मध्ये १५.७४ गिगावाट आवर (८२.६%) बिद्युत मिटर जडान गरेका उपभोक्ताहरूलाई, १.०३ गिगावाट आवर (५.४%) बिद्युत मिटर जडान नगरेका अर्थात कटआउट सेवा लिएका उपभोक्ताहरूलाई र २.२९ गिगावाट आवर (१२%) बिद्युत औधोगिक उपभोक्ताहरूलाई[१] बिक्री गरियो । गत वर्षको बिद्युत बिक्रीको समग्र अवस्थाको तुलनामा मिटर जडित उपभोक्ताहरूलाई बिद्युत बिक्री उल्लेख्य रूपमा बढेको र मिटर जडान नगरेको उपभोक्ताहरूलाई बिद्युत बिक्री घटेको छ । आम्दानीमा हुने ह्रासलाई कम गर्नको लागि निरन्तर प्रयासको रूपमा ६४८ कटआउट

[१] यस समुहमा घरेलु उद्योगका साथ साथै सिंचाई तथा खानेपानी समेत समावेश छ ।

सेवा लिएका उपभोक्ताहरूलाई मिटर जडित उपभोक्ताहरूमा परिवर्तन गरियो ।

यस वर्ष रू. ८ करोड ६६ लाख ५० हजार आम्दानी भयो, जुन गत वर्षको तुलनामा १६% ले बृद्धि हो । सो मध्ये रू. ७ करोड १४ लाख ५० हजार (८३%) मिटर जडित उपभोक्ताहरूवाट, रू. २७ लाख (३%) कटआउट सेवा लिएका उपभोक्ताहरूवाट तथा रू. १२ लाख ५० हजार (१४%) औधोगिक उपभोक्ताहरूवाट प्राप्त भएको थियो ।

## संचालनमा रहेका सहायक तथा सम्वद्ध कम्पनीहरु:

### हिमाल पावर लि.

हिमाल पावर लि.ले ६० मेगावाट क्षमताको खिम्ती प्रथम जलबिद्युत आयोजना स्वामित्व धारण तथा संचालन गर्दछ । यो आयोजना जुलाई ५, २००० देखी व्यापारिकरूपमा संचालनमा आएको थियो । यसै वर्ष हिमाल पावर लि.ले आफ्नो कर्जा पूर्णरूपमा भूक्तानी गरी चुक्ता गर्‍यो । साथै, रू. १ अरव ८५ करोड खुद मुनाफा आर्जन गर्‍यो । बिपिसिले हिमाल पावर लि.वाट आ.व. २०६८।६९ मा रू. ३७ करोड ५० लाख लाभांश प्राप्त गरेको छ । २०६९ आषाढ मसान्त सम्म हिमाल पावर लि. को खुद सम्पत्ति रू. ४ अरव ८२ करोड थियो । यस कम्पनीले आ.व. २०६८।६९ को लागि ३५ लाख ८० हजार अमेरिकी डलर अन्तरिम लाभांश घोषण गरेको छ ।

### हाइड्रो कन्सल्ट इन्जिनियरिङ्ग लि.

हाइड्रो कन्सल्ट इन्जिनियरिङ लि. जो यस अघि हाइड्रो कन्सल्ट प्रा. लि. थियो, यस कम्पनी इन्जिनियरिङ परामर्श सेवा प्रदायक कम्पनी हो । यस कम्पनीले जलबिद्युत, सिंचाई तथा पूर्वाधार सम्बन्धी आयोजनाहरू तथा वातावरणीय तथा सामाजिक प्रभाव मुल्यांकन सेवाहरूमा विशिष्टिकरण गर्दै गईरहेको छ । क्रमिकरूपमा आफ्नो उन्नती तर्फ यस कम्पनी निरन्तर अघि बढ्यो । यस कम्पनी यस वर्ष प्रा.लि. कम्पनीवाट पब्लिक लि. कम्पनीमा परिणत भयो, जुन यस्तो प्रकृतिको कम्पनीको हकमा पहिलो घटना हो ।

हाइड्रो कन्सल्ट इन्जिनियरिङ लि.ले गत वर्षको वित्तिय संपादन अनुरूपनै यस वर्ष पनि वित्तिय संपादन गर्‍यो । यस कम्पनीले आ.व. २०६८।६९ मा परामर्श सेवावाट रू. ५ करोड ८७ लाख ८० हजार कारोवार गर्‍यो । गत वर्षको कारोवारको तुलनामा यस वर्ष कारोवार रकममा ८% ले बृद्धि भयो । कर पछिको खुद मुनाफा रू.८२ लाख २० हजार आर्जन गर्‍यो । कम्पनीको शेयरधनीको कोष तथा खुद सम्पत्ति रू. १ करोड ९४ लाख ९० हजारमा ४२.२% ले बृद्धि भई २ करोड ७७ लाख २० हजार पुगेको छ ।

### नेपाल हाइड्रो तथा इलेक्ट्रिक लि.

नेपाल हाइड्रो तथा इलेक्ट्रिक लि. को स्थापना १९८५ मा आल्सटम पावर नर्वे ए.एस., जि.ई. इनर्जि (नर्वे) ए.एस., बुटवल टेक्निकल इन्ष्टिच्यूट तथा हिमाल हाइड्रो तथा जनरल कन्सट्रक्सन लिमिटेड संगको साझेदारीमा भएको थियो । जि.ई. इनर्जिले आफ्नो शेयर आई.के.एन. इण्ड्रष्ट्रिज ए.एस., नर्वेलाई बिक्री गरेको छ र शेयर हस्तान्तरणको प्रक्रिया सम्पन्न भएको छ । यसै वर्ष आल्सटमले पनि आफ्नो हिस्सा आई.के.एन. इण्ड्रष्ट्रिज ए.एस.लाई बिक्री गर्न शेयर खरिद सम्झौतामा हस्ताक्षर गरेको छ र उद्योग विभाग मार्फत नेपाल सरकारको स्वीकृति प्राप्त भएको छ र यसै सन्दर्भमा हस्ताक्षर गरिएको संशोधित संयुक्त लगानीको सम्झौता समेत स्वीकृत भएको छ ।

नेपाल हाइड्रो तथा इलेक्ट्रिक लि.ले हाइड्रो मेकानिकल उपकरणहरू उत्पादन तथा जडान गर्दछ र इलेक्ट्रो मेकानिकल उपकरणको मर्मत संभारको लागि नेपालको प्रमुख कम्पनीको रूपमा

रहेको छ । अन्य उत्पादनहरूमा एच.भि.सवस्टेसन, प्रसारण टावर, पोल तथा पुल जस्ता ठुला स्टिल संरचनाहरू पर्दछन् ।

यस कम्पनीले आ.व. २०६८।६९ मा ४३ करोड ४७ लाख कारोवार गरी गत वर्षको तुलनामा १५.८% ले बढी रू. १ करोड ९५ लाख खुद मुनाफा आर्जन गऱ्यो । नेपाल हाइड्रो तथा इलेक्ट्रिक लि.को खुद सम्पत्ति २०६९ आषाढ मसान्त सम्म रू. २३ करोड ५५ लाख रहेको छ ।

### खुदी हाइड्रोपावर लि.

खुदी हाइड्रोपावर लि.ले ४ मेगावाट क्षमताको खुदी जलबिद्युत गृह स्वामित्व धारण तथा संचालन गर्दछ । यो आयोजना आ.व. २०६३।६४ देखी व्यापारिक रूपमा संचालनमा आएको हो ।

आ.व. २०६८।६९ मा खुदी जलबिद्युत गृहले २०.४६ गिगावाट आवर बिद्युत राष्ट्रिय प्रसारण लाईनमा आपूर्ति गऱ्यो र रू. ८ करोड ६४ लाख ५० हजारको कारोवार गऱ्यो । यसै वर्ष कम्पनीले लिएको ऋणको पुर्नसंरचना गरिएको छ र सो को भुक्तानी अवधी छ वर्ष बढाइएको छ । खुदी हाइड्रोपावर लि.को वित्तिय अवस्था क्रमशः सुधार हुँदै जाने अपेक्षा गरिएको छ ।

### हाइड्रो ल्याव प्रा.लि.

हिमाल तथा हिमाली नदीहरूले सृजना गरेका नदीको इन्जिनियरिङ सम्बन्धी समस्याहरू समाधान गर्ने एक पहलकदमीको रूपमा सन् १९८८ मा हाइड्रो ल्याव प्रा.लि.को स्थापना गरिएको थियो । यस कम्पनीमा रहेको हाइड्रोलिक्स तथा सेडिमेन्ट प्रयोगशालामा सुविधा सम्पन्न उपकरणहरू रहेका छन् र हाइड्रोलिक संरचना तथा सेडिमेन्ट विश्लेषणका साथ साथै नदीको हाइड्रोलिक नमूना अध्ययन कार्यमा कम्पनीले वृहत अनुभव बटुलेको छ ।

आ.व. २०६८।६९ मा हाइड्रो ल्याव प्रा.लि.ले रू. ३ करोड ५८ लाखको कारोवार र ५९ लाख खुद मुनाफा गऱ्यो । सो वर्षमा हाइड्रो ल्याव प्रा.लि.को खुद सम्पत्ति रू. ४ करोड ८९ लाख थियो ।

### बिपिसि सर्भिसेज लि.

बिपिसि सर्भिसेज लि. सन् २००६ मा बिपिसिको एकल स्वामित्वको सहायक कम्पनीको रूपमा स्थापना भएको हो र नेपालमा बिद्युत गृहहरू, प्रसारण तथा वितरण प्रणालीको संचालन तथा मर्मत संभार सेवा प्रदान गर्ने यो एकमात्र कम्पनी हो । बिपिसि सर्भिसेज लि.ले जलबिद्युतको विकासमा संलग्न भएको कम्पनीहरूलाई प्राविधिक दक्ष जनशक्ति सेवा समेत प्रदान गर्दछ ।

आ.व. २०६८।६९ मा बिपिसि सर्भिसेज लि.को कुल आय ह्रास कट्टी, व्याज खर्च तथा खर्च व्यवस्था गर्नु भन्दा अधिको अवस्थामा रू. ७ लाख ८० हजार थियो । यसको खुद सम्पत्ति २०६९ साल आषाढ मसान्त सम्म रु १ करोड ५ लाख रहेको थियो ।

## आयोजनाहरु/संयूक्त लगानीमा संचालित कम्पनीहरुको अवस्था

### आँधिखोला क्षमतावृद्धि आयोजना

५.१ मेगावाट क्षमतालाई बृद्धि गरी ९.४ मेगावाट क्षमतामा पुऱ्याउनको लागि बिपिसिले आँधिखोला क्षमतावृद्धि आयोजना शुरू गरेको हो । अन्तराष्ट्रिय वित्तिय संस्था र मेघा बैंक लि.वाट वित्तिय लगानी जुटाइएको छ । आयोजनाको निर्माण कार्य द्रुत गतिमा अघि बढेको छ र सन् २०१३ को अप्रिल महिनावाट क्षमतावृद्धि भएको बिद्युत गृहवाट व्यापारिकरूपमा बिद्युत उत्पादनको कार्य हुने अपेक्षा गरिएको छ । आयोजनाको निर्माण सम्पन्न भएपछि २६ गिगावाट आवर अतिरिक्त बिद्युत वार्षिकरूपमा राष्ट्रिय प्रशारण प्रणालीमा थपिने छ । यस आयोजनामा रू. २४ करोड ३० लाख खर्च गरिसकिएको छ ।

### कावेली इनर्जि लि.

कावेली इनर्जि लि. बिपिसि बहुमत शेयरधनीको रूपमा रहेको विशेष उद्देश्यको लागि स्थापना गरिएको कम्पनी हो । यसले पूर्वी नेपालको ताप्लेजुङ र पाँचथर जिल्लामा अवस्थित कावेली नदीमा बढी बिद्युतको माग भएको समयमा चलाउन मिल्ने नदीको प्रवाहमा आधारित ३७.६ मेगावाटको जलबिद्युत आयोजना निर्माण गरिरहेको छ ।

वित्तिय खर्चहरू तथा निर्माण अवधीको व्याज समेत संलग्न गरी आयोजनाको कुल लागत ९ करोड ७० लाख अमेरिकी डलर हुने अनुमान गरिएको छ । यस आयोजनाले वार्षिकरूपमा २०१ गिगावाट आवर बिद्युत उत्पादन गर्ने छ । कावेली इनर्जि लि.ले निर्माण, स्वामित्वकरण, संचालन तथा हस्तान्तरण ढाँचामा आधारित भई आयोजना विकासको लागि नेपाल सरकारसंग आयोजना विकास सम्झौता गरिसकेको छ । यस आयोजनामा विश्व बैंकको अन्तराष्ट्रिय विकास संस्था कोष, अन्तराष्ट्रिय वित्तिय संस्था तथा देश भित्रकै वित्तिय संस्थाहरूको ऋण लगानी रहने छ ।

अन्तर्राष्ट्रिय विकास संस्था कोषको लागि नेपाल सरकार संग शर्तहरूका विषयमा वार्ता चलिरहेको छ । अतिरिक्त वित्तिय लगानीको लागि अन्तराष्ट्रिय वित्तिय संस्था तथा स्थानीय बैंकहरूसंग छलफल चलिरहेको छ । विश्व बैंक तथा अन्तर्राष्ट्रिय वित्तिय संस्थाले आयोजनाको मुल्यांकन सम्पन्न गरेका छन् र आन्तरिक स्वीकृति प्राप्त गर्ने क्रममा छन् । यस आयोजनाको वित्तिय व्यवस्थापन सन् २०१३ को फेब्रुअरी भित्रै हुने अपेक्षा गरिएको छ ।

बिपिसिले आ.व. २०६८।६९ को अन्त सम्ममा कावेली इनर्जि लि.मा रू. २८ करोड ९३ लाख लगानी गरिसकेको छ । आयोजनाको निर्माण कार्य वित्तिय व्यवस्थापन पश्चात शुरू हुनेछ र निर्माण सम्पन्न सन् २०१६ भित्रै हुने अपेक्षा गरिएको छ ।

### न्यादी हाइड्रोपावर लि.

न्यादी हाइड्रोपावर लि. बिपिसि बहुमत शेयरधनीको रूपमा रहेको विशेष उद्देश्यको कम्पनीको रूपमा ३० मेगावाटको कावेली जलबिद्युत आयोजना निर्माण, स्वामित्वकरण तथा संचालनको लागि स्थापना गरिएको कम्पनी हो ।

बिद्युत गृह सम्म गाडी चल्न मिल्ने ट्र्याक निर्माणको कार्य सम्पन्न भएको छ भने सर्ज साफ्ट, हेडवर्कस् तथा विचमा पर्ने एडिट मार्ग जस्ता अन्य खण्डहरू सम्म पुग्ने ट्र्याक निर्माण भईरहेको छ । बिद्युत प्रशारणको निमित्त ने.वि.प्रा.संग सम्झौता गरिएको छ र बिद्युत खरिद बिक्रीको सम्झौता सम्पन्न हुने चरणमा रहेको छ । अन्तराष्ट्रिय वित्तिय संस्थाले आयोजनाको मुल्यांकन सम्पन्न गरिसकेको छ र आन्तरिक स्वीकृतिको लागि तयारी गरिरहेको छ ।

आयोजनाको कुल लागत ६ करोड ७६ लाख अमेरिकी डलर हुने अनुमान गरिएको छ । यस आयोजनाले वार्षिक रूपमा १६८ गिगावाट आवर बिद्युत उत्पादन गर्ने छ र यसले सन् २०१६ वाट व्यापारिक उत्पादन शुरू गर्ने अपेक्षा गरिएको छ । बिपिसिले यस आयोजनामा रू. २९ करोड २० लाख लगानी गरिसकेको छ ।

### लोअर मनाङ मर्स्याङदी जलविद्युत आयोजनाः

लोअर मनाङ मर्स्याङदी जलबिद्युत आयोजना मनाङ जिल्लाको दक्षिणी भेगमा पर्दछ । अध्यावधिक संभाव्यता अध्ययनवाट यस आयोजनाको जडित क्षमता १४० मेगावाट निर्धारण गरिएको छ । यस आयोजनावाट उत्पादित बिद्युत ने.वि.प्रा.ले निर्माण गर्ने प्रस्तावित मध्यमर्स्याङदी कोरिडोर २२० के.भी. प्रशारण लाईन मार्फत प्रशारण गरिनेछ ।

आयोजनाको संभाव्यता अध्ययन तथा जियोटेक्निकल अनुसन्धानको कार्य सम्पन्न भएको छ । वातावरणीय प्रभाव मुल्यांकन अध्ययन सम्पन्न भई सो को प्रतिवेदन स्वीकृतिको लागि वातावरण

मन्त्रालयमा पेश गरिएको छ । आयोजनामा प्रवेशको लागि वेसीशहर चामे सडक खोल्ने काम सम्पन्न भएको र सो सडक यातायातका साधन चल्ने स्तरको छ ।

मुख्य निर्माणको कार्य सन् २०१४ वाट शुरू गर्ने र व्यापारिक उत्पादनको शुरूवात सन् २०१७ भित्र गर्ने योजना रहेको छ । आ.व. २०६८।६९ सम्म बिपिसिले यस आयोजनामा रू. १० करोड ४० लाख लगानी गरिसकेको छ ।

## गुराँस इनर्जि लिमिटेड

नेपालको जलबिद्युत आयोजनाहरू तथा अन्य पूर्वाधार आयोजनाहरू प्राप्ती, विकास, लगानी, निर्माण, स्वामित्वधारण तथा संचालनको लागि इन्फ्राको एसियासंगको नयाँ संयुक्त लगानीमा हालसालै गुराँस इनर्जि लिमिटेडको स्थापना गरिएको छ ।

## लाभांश

संचालक समिति निर्माणको चरणमा रहेका तथा कम्पनीले भविश्यमा शुरू गर्न लागिरहेको आयोजनाहरूको लागि आवश्यक लगानीका सम्वन्धमा सचेत छ । लगानीवाट शेयरधनीहरूलाई दीर्घकालिन सम्पत्तिको सृजना गर्ने छ । त्यसका वावजुद कम्पनीले दिगो लाभांश नीति अवलम्वन गरेको छ र सोही अनुसार संचालक समितिले आ.व. २०६८।६९ को मुनाफावाट चुक्ता पूँजीको २५% नगद लाभांश सिफारिस गरेको छ ।

## हकप्रद शेयर

कम्पनीले निर्माण गर्न लागेका आयोजनाहरूको लागि आवश्यक प्रक्षेपित पूँजीलाई विचार गरी १७ औं वार्षिक साधारण सभाले हकप्रद शेयर जारी गर्ने प्रस्ताव पारीत गरेको थियो । ३:२ को अनुपातमा हकप्रद शेयर जारी गर्नको लागि प्रक्रिया शुरू गरिएको थियो । तथापी, हाल देशमा विद्यमान राजनैतिक अवस्था तथा लगानी वातावरणका कारण आयोजनाहरूमा प्रभाव पर्न गएको हुँदा हकप्रद शेयर जारी गर्ने समय पूनर्तालिकिकरण गरिएको थियो । हकप्रद शेयर जारी गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको छ र यस सम्वन्धी विवरणहरू निकट भविश्यमा प्रकाशित गरिदैछ ।

## संचालक समिति

संचालक समितिमा केही हेरफेरहरू भएका छन् । सांग्रिला इनर्जि लि.ले अक्टोवर १९, २०११ वाट लागु हुने गरी श्री गणेश लाल श्रेष्ठको स्थानमा श्री विजय कृष्ण श्रेष्ठलाई मनोनित गरेको छ । सांग्रिला इनर्जि लि.ले अक्टोवर १९, २०११ वाट लागु हुने गरी श्री ओम प्रकाश श्रेष्ठ र श्री संजिव राजभण्डारीलाई कम्पनीको संचालक समितिमा वैकल्पिक संचालक नियुक्त गरेको छ । सर्वसाधारणको तर्फवाट प्रतिनिधित्व गर्नु हुने संचालक श्री निर्मल प्रधानले स्वास्थ्यको कारण दर्शाउँदै फेब्रुअरी १७, २०१२ बाट लागु हुने गरी आफ्नो पदवाट राजिनामा गर्नु भएको छ । नवनियूक्त संचालकहरूलाई स्वागत गर्दै श्री गणेश लाल श्रेष्ठ र श्री निर्मल प्रधानलाई निजहरूले आफ्नो कार्यकालमा कम्पनीमा गर्नु भएको महत्वपूर्ण योगदानको लागि धन्यवाद दिन चाहन्छौं ।

संचालक समितिले आफ्नो मातहत गठन गरेका समितिहरूले कम्पनीमा आन्तरिक नियन्त्रण तथा असल संस्थागत सुशासनलाई मजबुद बनाउन सहयोग गरेको छ ।

## संचालक समिति अन्तर्गतका समितिहरु

### लेखापरीक्षण समिति

लेखापरीक्षण समितिले आन्तरिक नियन्त्रण तथा असल संस्थागत सुशासनलाई मजवुद बनाउन महत्वपूर्ण भूमिक निर्वाह गरेको छ । यस समितिले समय समयमा बैठक बसी आन्तरिक नियन्त्रणको अवस्था तथा प्रक्रियाहरूको मुल्यांकन गर्ने गरिएको छ । यस समितिका मुख्य कार्यहरूमा वित्तिय विवरणहरू, आन्तरिक नियन्त्रण तथा जोखिम व्यवस्थापन प्रणालीको समिक्षा गर्ने, लेखा नीतिको

पुनरावलोकन तथा स्वीकृत गर्ने, लेखापरीक्षकको नाम सिफारिस गर्ने आदि रहेका छन् ।

**मानव संशाधन समिति**

कम्पनीले अवलम्वन गरेको नीति तथा प्रकृयाहरू पुनरावलोकन गर्न तथा मानव संशाधन सम्बन्धी विषयमा व्यवस्थापनलाई सल्लाह दिनको लागि आ.व. २०६८।६९ मा मानव संशाधन समितिको गठन गरिएको छ ।

**वजेट समिति**

व्यवस्थापनले प्रस्ताव गरेको वजेट प्रस्तावको परिक्षण गर्न तथा वजेटको अनुगमन तथा नियन्त्रण गर्न वजेट समिति जिम्मेवार रहेको छ ।

**संस्थागत सुशासन**

बिपिसिले कम्पनीमा असल संस्थागत सुशासन सुनिश्चित गर्न संस्थागत मूल्य संरचनाको अवलम्वन गरेको छ । बिपिसिको संस्थागत मूल्य संरचनामा कम्पनीको दृष्टिकोण, लक्ष, मूल्य, व्यवसायको नीति तथा सिद्धान्त, संस्थागत सुशासनका नियमहरू, आचरण तथा नैतिकता सम्वन्धी नियमहरू समाविष्ट छन् ।

संस्थागत सुशासनका मापदण्डहरूको परिपालना सम्वन्धमा अलग्गै संस्थागत सुशासन प्रतिवेदनमा उल्लेख गरिएको छ ।

**व्यवस्थापन**

बिपिसिको व्यवस्थापन प्रमुख कार्यकारी अधिकृत श्री रंजन लोहारको नेतृत्वमा रहेको व्यवसायिक व्यक्तित्वहरूको दरिलो समूहद्धारा संचालित छ ।

आ.व. २०६८।६९ को अन्त सम्ममा २७१ जना पुरूष तथा २६ जना महिला गरी जम्मा २९७ जना कर्मचारीहरू थिए । कम्पनीमा ५% कर्मचारीहरूको वर्हिगमन हुने गरेको पाइएको छ । बिपिसिले दक्ष र सक्षम कर्मचारीहरूलाई कम्पनीमा राखी राख्नको लागि निरन्तर प्रयासहरू गर्नुको साथै उचित पहलकदमीहरू लिईरहेको छ ।

**स्वास्थ्य, सुरक्षा तथा वातावरण**

आई.एस.ओ. ९००१:२००८ (गुणस्तर) तथा आई.एस.ओ. १४००१:२००४ (वातावरण) व्यवस्थापन प्रणालीहरूद्वारा बिपिसि प्रमाणित भएको छ । व्यवस्थापन प्रणालीका सम्बन्धमा नियमितरूपमा आन्तरिक तथा वाह्य मुल्यांकनका कार्यहरू गरिएको छ । पछिल्लो समयमा कम्पनी सन् २०११ अप्रिलमा दुवै गुणस्तर तथा वातावरण व्यवस्थापन प्रणालीहरूका लागि पूनः प्रमाणित भएको थियो ।

बिपिसिले पेसागत स्वास्थ्य तथा सुरक्षा (ओसास) १८००१ को लागि प्रमाणित हुन खोजिरहेको छ । विकासको लागि संस्थागत संरचना, योजना निर्माण कार्यवाहीहरू, अभ्यासहरू, प्रक्रियाहरू तथा श्रोत साधानहरूलाई ध्यानमा राखी समग्र व्यवसाय संचालनको एक अभिन्न हिस्साको रूपमा पेसागत स्वास्थ्य तथा सुरक्षा सम्बन्धी विषयहरूलाई व्यवस्थापन गर्नको लागि ओसासले संभव बनाउने छ भन्ने हामी विश्वस्त छौ । यसले कम्पनीमा सुरक्षा सम्बन्धी सचेतना तथा प्रभावकारिता बढाउने कार्य पनि गर्दछ र संस्थागत मूल्यलाई अभिवृद्धि गर्दछ । यस वर्षमा कर्मचारीहरूलाई कुनै गम्भिर चोटपटक भएको पाइएको छैन ।

कम्पनीका व्यवसायिक इकाईहरूले व्यवसायिक गतिविधिहरू वातावरण मैत्री तरीकावाट संचालन गरेका छन् । बिपिसिले वातावरण सम्वन्धी सचेतना अभिवृद्धि गर्न स्थानीयहरूसंग हातेमालो गर्दै विश्व वातावरण दिवस २०१२ मनाएको छ ।

**औद्योगिक संलग्नता तथा बाह्य सम्वन्ध**

बिपिसी नेपाल उद्योग वाणिज्य महासंघ तथा स्वतन्त्र उर्जा उत्पादक संघको संस्थागत सदस्य

हो । आयोजनाहरूको विकासको निमित्त अन्तर्राष्ट्रिय वित्तिय संस्था, विश्व बैक, नर्वेको विदेश मामिला मन्त्रालय, नोरफण्ड, इन्फ्राको एसिया आदि अन्तराष्ट्रिय संस्थाहरूसंग समेत बिपिसी विभिन्न तहमा संलग्न छ ।

## मानव संशाधन विकास

व्यवस्थापन तथा कर्मचारीहरू विच सुमधुर सम्बन्ध कायम गरिएको छ । कर्मचारीहरूको क्षमता अभिवृद्धि तथा पेशागत विकासको साथ साथै कम्पनीको भविश्यका आवश्यकतालाई सम्बोधन गर्नको निमित्त तालिमहरू प्रदान गरिएको थियो ।

## जोखिम व्यवस्थापन

जोखिम व्यवस्थापन बिपिसिको व्यवसाय संचालनको एउटा महत्वपूर्ण तत्वको रूपमा रहेको छ । कम्पनीका विभिन्न व्यवसायिक इकाईहरूको कार्यसंग सम्बन्धित जोखिमहरूको पहिचान, निर्धारण, योजना, निरूपण तथा अनुगमनको लागि संस्थागत जोखिम व्यवस्थापनलाई लागु गरिएको छ ।

## आन्तरिक नियन्त्रण

व्यवस्थापकीय प्रणालीको निरन्तर मुल्यांकन तथा सुधारको निमित्त आवधिकरूपमा आन्तरिक तथा बाह्य लेखापरीक्षणहरू गरिएको छ ।

त्यसका अतिरिक्त कम्पनीको सम्पत्ति, आर्थिक हिसाव किताव तथा लेखा सम्वन्धी प्रकृयाहरूमा संलग्न आन्तरिक नियन्त्रण तथा जोखिम व्यवस्थापन कार्यको विश्लेषण गर्नको लागि स्वतन्त्र लेखापरीक्षकवाट आवधिक रूपमा आन्तरिक लेखापरीक्षण गराउँदै आइएको छ । आन्तरिक लेखापरीक्षकका सिफारिस तथा लेखापरीक्षण समितिको निर्णयहरू तदारूक्ताकासाथ कार्यान्वयन गरिएको छ । यस वर्ष जे.वि. राजभण्डारी एण्ड डिविन्सवाट चार वटा त्रैमासिक लेखापरीक्षण गराइएको थियो ।

## वाह्य लेखापरीक्षण

श्री पि.पि. प्रधान एण्ड कम्पनीले बिपिसीको आ.व. २०६८।६९ को हिसाव किताव लेखापरीक्षण गरेको छ । लेखापरीक्षकले कम्पनीको वित्तिय विवरण उपर कुनै नकारात्मक टिप्पणी गर्नु भएको छैन ।

## शेयरधनीहरुको सुझाव

शेयरधनीहरूका सुझावहरूलाई गम्भिरतापूर्वक लिइएको छ र ती सुझावहरूलाई प्राथमिकताका आधारमा कार्यान्वयन गर्न संभव ठानिएका सवै प्रयासहरू गरिएको छ ।

## सहायक कम्पनीहरुसंग भएका प्रमुख कारोवारहरु

बिपिसिले सहायक तथा सम्वद्ध कम्पनीहरूसंग उत्तम औद्योगिक प्रचलनहरू अनुसार व्यवसायिक हिसावले कारोवारहरू गर्दछ । बिपिसिले आफ्ना सहायक तथा संलग्न कम्पनीहरूसंग भएका मुख्य मुख्य सबै कारोवारहरूका सम्बन्धमा आ.व. २०६८।६९ को वित्तिय विवरणहरूमा खुलाइएको छ ।

## व्यवसाय तथा लगानीको वातावरणः

देशको आर्थिक विकासको निमित्त जलबिद्युत एक माध्यम हो भन्ने कुरा सबैले स्वीकार गरेको तथ्य हो । तथापि, लम्बिदै गएको अस्थिर राजनितिक वातावरणका कारण जलबिद्युत क्षेत्रको विकास अपेक्षा गरे भन्दा ज्यादै कम छ र देशले यस क्षेत्रमा पर्याप्त लगानी आकर्षित गर्न तथा निरन्तरता दिने स्थितिमा पुग्नको लागि धेरै गर्न वाँकी छ ।

लगानीको वातावरण बिग्रदै गएको छ र विदेशी लगानीकर्ताहरू कि त वाहिरिदै गएका छन्, कि त अझ दिगो राजनितिक वातावरण सहितको लगानी मैत्री वातावरणको निमित्त कुरिरहेका छन् ।

यस क्षेत्रको मेरूदण्डको रूपमा रहेको तर आफैमा आवश्यकता भन्दा सानो हिस्सामा निर्माण भईरहेको प्रशारण लाईनले उत्पादन क्षमता थप

गर्ने योजनालाई पछि धकेलिरहेको छ । अनुदानमा संचालित आयोजनाहरू समेतको मार्गाधिकारको प्रश्न उठेका कारण योजना अनुसार प्रगति हुन सकेको छैन ।

यसका अतिरिक्त स्थानीयहरूको अस्वभाविक माग तथा उच्च वित्तिय खर्चका कारण स्वदेशी प्रर्वद्धकले निर्माण गर्दै गरेका साना आयोजनाहरूको विकासका लागि अवरोधको रूपमा रहेको छ । बहुद्धार स्वीकृति सम्बन्धी व्यवस्था तथा बिग्रिएको कर्मचारीतन्त्रले यो क्षेत्रमा सुस्तता ल्याउनमा थप मद्दत गरेको छ ।

२५ मेगावाट भन्दा साना आयोजनाहरूको बिद्युत खरिद मुल्यका सम्बन्धमा छलफल भईरहेको भएपनि बिद्युत उत्पादन आयोजनाहरूको द्रुत विकासको लागि बिद्युत खरिद मुल्य निर्धारण गर्ने संयन्त्र अझै सक्षम हुन वाँकी छ ।

निर्माणाधिन आयोजनाहरूलाई सम्पन्न गराउनको लागि प्रोत्साहित गर्ने वर्तमान सरकारको पहलकदमी उल्लेखनिय छ र हाल निर्माणको विभिन्न चरणमा रहेका १५ आयोजनाहरूले छिट्टै व्यापारिक उत्पादन गर्ने अपेक्षा गरिएको छ ।

यस क्षेत्रको विकासको निमित्त बिद्युत उत्पादन गर्ने आयोजनाहरूको निर्माणलाई प्रोत्साहित गर्ने यस्ता थुप्रै पहलकदमीहरू तथा राज्य मातहतका संस्थानको मुख्य ध्यान प्रशारण लाईन निर्माण सम्बन्धी आयोजनाहरूको द्रुत विकासमा हुन जरूरी देखिन्छ ।

**आगामी वर्ष:**

आगामी वर्ष आँधिखोला क्षमतावृद्धि आयोजना सम्पन्न गरिने छ र ९.४ मेगावाट क्षमतामा व्यापारिक उत्पादन शुरू हुनेछ । कावेली ए तथा न्यादी आयोजनाहरूको बिद्युत खरिद बिक्री सम्झौता हुने तथा पूर्णरूपमा निर्माण कार्यको शुरूवात हुने अपेक्षा गरिएको छ । संयुक्त लगानीको कम्पनी गुराँस इनर्जि लिमिटेडले लोअर मनाङ मर्स्याङदी, न्यादी, कावेली ए आदि निर्माणको चरणमा रहेका कम्पनीहरूमा सहलगानी गर्नेछ ।

संस्थागत हरित भवनको निर्माण सम्पन्न हुनेछ । चरणवद्धरूपमा कार्यालय सार्ने काम तथा पुरानो भवन भत्काउने कार्य सम्पन्न हुनेछ र सो कार्य तर्फ प्रगति भई रहेको छ । बिपिसिले आन्तरिक तयारीहरू पुरा गरिसकेको हुँदा यसै वर्ष ओसास १८००१ वाट प्रमाणित कम्पनी हुने अपेक्षा गरिएको छ ।

**कृतज्ञता ज्ञापन**

कम्पनीको प्रगतिको लागि आ.व. २०६८।६९ मा प्रत्यक्ष वा परोक्ष रूपले सहयोग गर्ने नेपाल सरकार, नेपाल बिद्युत प्राधिकरण, नर्वे सरकारको विदेश मामिला मन्त्रालय, सेवाग्राही, ठेकेदारहरू, बिक्रेता, सप्लायर, संवद्ध संस्थाहरू, वैंकहरू, लेखापरीक्षकहरू र अन्य संस्था तथा व्यक्तिहरूप्रति हामी आभारी छौं ।

संचालक समिति अर्न्तगतका समितिहरू, व्यवस्थापन समूह तथा कर्मचारीहरूलाई कम्पनीको प्रगतिको लागि गर्नु भएको समर्पण एवं योगदानको लागि तथा शेयरधनीहरूलाई हामी प्रति देखाउनुभएको विश्वासको लागि हार्दिक धन्यवाद दिन चाहान्छौं ।

धन्यवाद ।



संचालक समितिको तर्फवाट

**पद्म ज्योति**

अध्यक्ष

मिति: २०६९।९।२२

# संक्षिप्त आर्थिक प्रतिवेदन

**आ. व. २०६८।६९ (कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसार)**

**शेयरधनीज्यूहरु,**

१. कम्पनीको वार्षिक कारोवार गतवर्षको कारोवार रकम रू. ५७ करोड ३९ लाखमा ५.४% ले वृद्धिभई रू. ६० करोड ५१ लाख भएको छ । गत वर्ष बोनस तथा कर पछिको खुद नाफा रू. ३२ करोड ९० लाख वाट बढेर यस वर्ष रू. ४८ करोड ३५ लाख खुद नाफा भएको छ । यस वर्ष कम्पनीको आम्दानी बढ्नुको मुख्य कारण लाभांश वापत प्राप्त आम्दानीमा बृद्धि हुनु रहेको छ ।

२. कम्पनीको वित्तिय परिणामहरूको सारसंक्षेप निम्न अनुसार रहेको छ ।

३. झिमरूक तथा आँधिखोला बिद्युत गृहहरूवाट वार्षिक १०३.६ गिगावाट आवर बिद्युत उत्पादन भएको छ । यो उत्पादन गत वर्षको तुलनामा ०.०४% को कमी हो । यस बर्ष बिद्युतको थोक बिक्रीवाट हुने आम्दानी ५.९% ले बढेको छ ।

४. कम्पनीले उपभोक्तालाई १९.०६ गिगावाट आवर बिद्युत बिक्री गऱ्यो । यो बिक्री गत बर्षको बिद्युत बिक्रीभन्दा १६% ले बढी हो । सो बिक्रीवाट १४.२% को बृद्धि हासिल गरी रू. ८ करोड ५९ लाख आम्दानी भयो । आ.व.

(अन्यथा उल्लेख गरको वाहेक अंक रू. हजारमा)

| विवरण | २०६८/०६९ | २०६७/०६८ |
|---|---|---|
| थोक बिद्युत बिक्री बाट आम्दानी | ४३२,५११ | ४०८,५७५ |
| उपभोक्तालाई बिद्युत र सेवा बिक्री बाट आम्दानी | ९१,५०५ | ८४,४४० |
| व्यवस्थापन तथा प्राविधिक सेवावाट आम्दानी | ८१,१३३ | ८०,८७७ |
| जम्मा संचालन आम्दानी | ६०५,१४९ | ५७३,८९३ |
| जम्मा संचालन खर्च | २४६,१४७ | २३१,५७३ |
| कूल संचालन नाफा | ३५९,००१ | ३४२,३१९ |
| अन्य आय | ४२९,७२८ | १८९,३०१ |
| प्रशासनिक तथा अन्य खर्च | २३६,६०३ | १५४,५८२ |
| वाँडफाँड अघिको खुद मुनाफा | ४८३,५०३ | ३२८,९७० |
| प्रति शेयर आम्दानी रू. | ४७.६२ | ३२.४० |
| नेटवर्थ रू. दशलाखमा | २,७१० | २,५०५ |

२०६८।६९ मा विपिसिको वितरण व्यवसाय अर्न्तगत मिटर जडित उपभोक्ताहरूको संख्या ४% ले बृद्धि भई ३९,५७८ पुगेको छ । कम्पनीले आफ्ना सहायक कम्पनीहरूलाई व्यवसायिकतवरवाट व्यवस्थापन सहयोग सेवा प्रदानगर्दै आइरहेको छ । यस वर्ष व्यवस्थापन सहयोग सेवावाट प्राप्त आम्दानी गतवर्षको तुलनामा न्यून बृद्धि भएको छ ।

५. संचालनमा रहेका सहायकतथा संवद्ध कम्पनीहरूको कार्य सम्पादन यस प्रकार रहेको छ ।

(क) ६० मेगावाट क्षमताको खिम्ती प्रथम बिद्युत गृह संचालनगर्ने हिमाल पावर लि. ले आ.व. २०६८।०६९ मा रू. १ अरव ८० करोड खुद नाफा आर्जन गऱ्यो । बिपिसीले उक्त आ.व.मा हिमाल पावर लि.वाट रू.३७ करोड ५० लाख लाभांश प्राप्त गऱ्यो ।

(ख) हाइड्रो कन्सल्ट इन्जिनियरिङ लि. एक इन्जिनियरिङ परामर्शदाता कम्पनी हो । यस कम्पनीले गतवर्षको तुलानामा ४% ले कारोवारमा बृद्धि गरी रू ५ करोड ८८ लाख कारोवार गऱ्यो । हाइड्रो कन्सल्टले आ.व. २०६८।६९ मा रू. ८२ लाख खुद नाफा आर्जन गऱ्यो ।

(ग) बिपिसि सर्भिसेज लि. संचालन तथा मर्मत संभार सेवा प्रदायक कम्पनी हो । यस कम्पनीले आ.व. २०६८।०६९ मा ह्रासकट्टी, व्याज खर्च तथा खर्च व्यवस्था अघि रू. ७ लाख ८० हजार आम्दानी गऱ्यो ।

(घ) नेपाल हाइड्रो तथा इलेक्ट्रिक लि. हाइड्रो मेकानिकल तथा इलेक्ट्रो मेकानिकल उत्पादक कम्पनी हो । यस कम्पनीले आ. व. २०६८।०६९ मा गत वर्षको खुद नाफा रू. १ करोड ६९ लाखको तुलनामा १५.८% ले बृद्धि भई रू. १ करोड ९५ लाख खुद नाफा आर्जन गऱ्यो ।

(ङ) खुदी हाइड्रोपावर लि.ले आ.व. २०६८।०६९ मा लक्षित बिक्री रकम रू. ९ करोडका वावजुद रू. ८ करोड ६४ लाख ५० हजार वरावरको बिद्युत बिक्री गऱ्यो । यस कम्पनीले रू. ७२ लाख नोक्सान बेहोरेको जनाएको छ ।

(च) हाइड्रो ल्याव प्रा.लि. हाइड्रोलिक्स तथा सेडिमेण्ट विश्लेषण सेवा प्रदायक कम्पनी हो । यस कम्पनीले आ.व. २०६८।०६९ मा ३ करोड ५८ लाखको कारोवार गरी ५९ लाख नाफा आर्जन गऱ्यो ।

६. आयोजना कम्पनीहरूको अवस्था तथा यस वर्षका योजनाहरू यस प्रकार रहेको छन् ।

(क) ३० मेगावाट क्षमताको न्यादी जलबिद्युत आयोजना न्यादी हाइड्रोपावर लि. मार्फत विकास गर्न लागिएको छ । बिपिसिले यस आयोजनामा रू.२९ करोड २० लाख लगानी गरिसकेको छ । यसको बित्तिय व्यवस्थापन यही २०६९ साल फाल्गुण मसान्त भित्र गर्ने लक्ष लिइएको छ ।

(ख) बिपिसिले १४० मेगावाट क्षमताको लोअर मनाङ मर्स्याङदी आयोजनाको विकासको लागि रू. १० करोड ४० लाख लगानी गरेको छ । यस आयोजनाले संभाव्यता अध्ययन तथा जियोटेक्निकल अनुसन्धानको कार्य सम्पन्न भएको छ । वातावरणीय प्रभाव मुल्यांकनको कार्य सम्पन्न गरी सो को प्रतिवेदन वातावरण मन्त्रालयमा स्वीकृतिको प्रक्रियामा छ । यस आयोजनाले चालु आ.व.मा विस्तृत डिजाइन, बिद्युत खरिद बिक्री सम्झौता तथा उत्पादन अनुमतिपत्रको लागि प्रक्रियाहरू सम्पन्न गर्ने तयारी गरिरहेको छ ।

(ग) ३७.६ मेगावाट क्षमताको कावेली ए जलबिद्युत आयोजना कावेली इनर्जि लि. मार्फत विकास गरिदै छ । बिपिसिले आ.व. २०६८।६९ सम्ममा रू. २८ करोड ९३ लाख यस आयोजनामा लगानी गरिसकेको छ । यस कम्पनीले २०६९ सालको माघ मसान्त भित्र बिद्युत खरिद बिक्री सम्झौता तथा वित्तिय व्यवस्थापन गर्ने

तयारी गरिरहेको छ ।

(घ) ५.१ मेगावाट क्षमतावाट ९.४ मेगावाटमा क्षमता बृद्धि गर्न बिपिसिले संचालन गरेको आँधिखोला क्षमता बृद्धि आयोजनाको निर्माण चलिरहेको छ । क्षमता बृद्धि भएको बिद्युत गृहवाट व्यापारिक रूपमा बिद्युत उत्पादन सन् २०१३ को अप्रिलवाट हुने योजना तय गरिएको छ । यस आयोजनामा रू. ३० करोड २२ लाख खर्च गरिएको छ ।

७. संचालक समितिले चुक्ता पूँजीको २५% नगद लाभांश सिफारिस गरेको छ ।

८. १०,१५२,६९४ को ३:२ को अनुपातमा हकप्रद शेयरहरू जारी गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको छ र यस सम्बन्धी विवरणहरू निकट भविश्यमा प्रकाशित गरिदैछ ।

९. प्रस्तुत संक्षिप्त आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरणहरू र संचालक समितिको प्रतिवेदनवाट संक्षेपीकरण गरिएको हो ।

**रंजन लोहार**
प्रमुख कार्यकारी अधिकृत

**प्रताप प्रसाद प्रधान**
पि.पि. प्रधान एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्टस्

## २०६९ आषाढ ३१ गतेको

# वासलात

| विवरण | आ.व. २०६८।०६९ | आ.व. २०६७।०६८ |
|---|---|---|
| **१. कोषको श्रोत** | | |
| १ शेयरधनीकोष | | |
| शेयर पूँजी | १,०१५,२६९,४०० | १,०१५,२६९,४०० |
| जगेडा तथा बचत | १,६९४,९०८,८३२ | १,४८९,४८७,९१९ |
| जम्मा शेयरधनीको कोष | २,७१०,१७८,२३२ | २,५०४,७५७,३१९ |
| २ अनुदान जगेडा | २१३,२२७,०७३ | २०६,१८५,३८५ |
| ३ दिर्घकालिन ऋण | ५३१,७९९,४५७ | ११८,१११,४१५ |
| **जम्मा** | **३,४५५,२०४,७६२** | **२,८२९,०५४,११९** |
| **२ कोषको प्रवाह** | | |
| १ अचल सम्पत्ति | | |
| कुल अचल सम्पत्ति | २,२९२,८९१,३३० | २,२३१,२६४,३४६ |
| न्यून:ह्रास कट्टी | ७४९,५०४,०२६ | ७०९,७२८,७१३ |
| खुदअचल सम्पत्ति | १,५४३,३८७,३०५ | १,५२१,५३५,६३३ |
| २ पूँजीगतकार्य प्रगति | ४०७,३८८,१४२ | २०५,४८७,७८९ |
| ३ शेयर लगानी | १,०८१,३१९,४९३ | ९३२,८५२,८६१ |
| ४ चालु सम्पत्ति | | |
| मौज्दात | ४२,८५६,५३७ | ८३,४१२,७६६ |
| आसामी तथा प्राप्य रकम | २८३,६२५,६२२ | १८४,१४०,४०२ |
| नगद तथा बैंक मौज्दात | ३२२,७९७,०५७ | ४४,९०२,२२५ |
| पेश्की तथा धरौटी भुक्तानी | ३७४,५६८,९६८ | २८७,९३६,०४५ |
| जम्मा चालु सम्पत्ति | १,०२३,८४८,१८३ | ६००,३९१,४३८ |
| ५ पर सारिएको कर दायित्व | १३,४४१,९२८ | |
| ६ न्युन:चालु दायित्व | | |
| अल्पकालिन ऋण | २४५,०२१,७८३ | १६२,९३१,६३९ |
| साहु तथा भुक्तानी गर्नु पर्ने रकम | १९३,८०७,९८० | १४९,१८९,३२० |
| पेश्की तथा धरौटी प्राप्त | ५,३६७,५७७ | १६,८५७,५१९ |
| व्यवस्थाहरू | १४८,८०३,३४६ | १०७,१३०,६२० |
| जम्माचालु दायित्व | ५९३,०००,६८६ | ४३६,१०९,०९८ |
| खुदचालु सम्पत्ति | ४३०,८४७,४९७ | १६४,२८२,३४० |
| ७ पर सारिएको खर्च | ५,७०४,२५३ | ४,८९५,४९५ |
| **जम्मा** | **३,४५५,२०४,७६२** | **२,८२९,०५४,११९** |

## आ.व. २०६८/६९ को
# नाफा नोक्सानको हिसाव

| विवरण | आ.व. २०६८।६९ | आ.व. २०६७।६८ |
|---|---|---|
| **संचालन आम्दानी** | | |
| नेपाल विद्युत प्राधिकरण लाई विद्युत बिक्री | ४३२,५१०,८८७ | ४०८,५७५,२२९ |
| उपभोक्ता लाई विद्युत बिक्री | ८५,९२१,७२७ | ७५,२१२,२२८ |
| विद्युत सेवा | ५,५८३,६४६ | ९,२२८,३०९ |
| व्यवस्थापन तथा प्राविधिक सहयोग | ८१,१३३,०५५ | ८०,८७७,२२३ |
| **जम्मा संचालन आम्दानी** | **६०५,१४९,३१४** | **५७३,८९२,९८९** |
| **संचालन खर्चहरु** | | |
| उत्पादन खर्च | १६३,३८६,९३४ | १४४,४९५,१६३ |
| वितरण खर्च | ५९,१६६,८५३ | ५९,५०८,५८५ |
| व्यवस्थापन तथा प्राविधिक सहयोग खर्च | ७,७३७,९१६ | १९,५५५,७६७ |
| आयोजना विकास खर्च | १५,८५५,६४७ | ८,०१४,०६६ |
| **जम्मा संचालन खर्चहरु** | **२४६,१४७,३४९** | **२३१,५७३,५८१** |
| **कुल संचालन नाफा** | **३५९,००१,९६५** | **३४२,३१९,४०८** |
| **प्रशासनिक तथा अन्य खर्चहरु** | | |
| प्रशासनिक खर्च | ८४,६८७,५०३ | ७३,५०२,७७५ |
| ह्रास कट्टी | ६७,८३४,५६५ | ६२,१९९,३२४ |
| संभावित लगानीको आय/नोक्सान व्यवस्था | ४८,२९१,९८४ | (६,३६०,४३०) |
| व्याज खर्च | ३५,७८९,१७३ | २५,२४०,४१३ |
| **जम्मा प्रशासनिक तथा अन्य खर्चहरु** | **२३६,६०३,२२५** | **१५४,५८२,०८४** |
| **अन्य श्रोतहरुवाट आम्दानी** | | |
| व्याज आम्दानी | ३२,७८५,८०९ | १५,८२४,९९२ |
| अन्य आम्दानी | २,२९५,६६९ | १,७९१,२७४ |
| अनुदान सहयोगको आम्दानी अंशको ह्रासकट्टी | १०,७७२,२४१ | ९,४०७,८२४ |
| लाभांश आम्दानी | ३७४,९५६,९२९ | १६४,२६५,२८० |
| विदेशी मुद्रा विनिमय लाभ/नोक्सान | ८,७६९,९७५ | (४,२८३,४२६) |
| सम्पत्ति तथा कवाडी वस्तु बिक्री नाफा | १४७,२६६ | २,२९५,०१६ |
| **जम्मा अन्य श्रोतहरुवाट आम्दानी** | **४२९,७२७,८८८** | **१८९,३००,९५९** |
| **बोनस र कर अधिको नाफा** | **५५२,१२६,६२८** | **३७७,०३८,२८४** |
| कर्मचारी बोनस | ११,४००,४०९ | ९,७७७,५७१ |
| संस्थागत आयकर व्यवस्था | ४३,७८१,४५१ | ३८,२९०,८७६ |
| पर सारिएको कर खर्च | १३,४४१,९२८ | |
| **बाँडफाँड अघिको मुनाफा/नोक्सान** | **४८३,५०२,८४०** | **३२८,९६९,८३७** |
| **नाफा नोक्सानको बाँडफाँड हिसाव** | | |
| गतवर्षको बाँकी | ६२१,०५०,९१९ | ३८५,१२०,२१३ |
| यस वर्षको नाफा | ४८३,५०२,८४० | ३२८,९६९,८३७ |
| **जम्मा** | **१,१०४,५५३,७५९** | **७१४,०९०,०५०** |
| न्युनः १०% बोनस शेयर | | (९२,२९६,७५०) |
| न्युनः लाभांश | (२५३,८१७,३५०) | - |
| **जम्मा लाभांश** | **(२५३,८१७,३५०)** | **(९२,२९६,७५०)** |
| विगतवर्षको समायोजन | २,८६५,५०६ | (७४२,३८१) |
| **संचित मुनाफा वासलातमा सारेको** | **८५३,६०१,९१५** | **६२१,०५०,९१९** |

**बुटवल पावर कम्पनी लिमिटेडको**

# २० औं वार्षिक साधारण सभा

BUTWAL POWER COMPANY LIMITED

## हाजिरी जनाउ पत्र

**यो हाजिरी जनाउ पत्र भरी साधारण सभा स्थलको प्रवेशद्वारमा बुझाइदिनुहुन अनुरोध गरिन्छ ।**

शेयरधनीको नामः.....................................................................................................

शेयरधनीको ठेगानाः.....................................................पो.व.नं..............................

फोन नं...............................................मोवाइल नं................................................

शेयरधनी नं.:..........................शेयर प्र.प. नं.:..................................शेयर संख्याः.......

मिति २०६९।०९।२२ गते कम्पनीको कार्यालय बुद्धनगर, काठमाडौमा दिनको ११.०० वजे शुरू हुने २०औं वार्षिक साधारण सभामा भाग लिनको लागि स्वयं/प्रतिनिधि मार्फत उपस्थित भएको छु ।

______________________

शेयरधनीको हस्ताक्षर

## प्रोक्सी-फारम

BUTWAL POWER COMPANY LIMITED

श्री संचालक समिति
**बुटवल पावर कम्पनी लि.**
वुद्धनगर, वानेश्वर, काठमाण्डौ ।

**विषयः** प्रतिनिधि नियुक्त गरेको बारे ।

महाशय,

..........................जिल्ला..........................म.न.पा/न.पा./गा.वि.स. वडा नं. ..................., .................... वस्ने म/हामी ..........................................ले त्यस कम्पनीको शेयरवालाको हैसियतले २०६९ साल पौष २२ गतेका दिन हुने २०औं वार्षिक साधारण सभामा स्वंय उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि..........................जिल्ला ..........................म.न.पा/न.पा./गा.वि.स./ वडा नं..............., ...........वस्ने श्री .......................... लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

निवेदकः ..........................................

दस्तखतः ..........................................

ठेगानाः ..........................पो.व.नं..............

फोन नं..........................................

शेयरधनी नं.: ..........................................

शेयर प्र.प.नं.: ..........................................

शेयर संख्याः ..........................................

मितिः ..........................................